

# ९ तिनिहरूका हृदयहरू फर्काऊ

***यस अध्यायका मूल पदहरू:*** व्यवस्था ५:२२-२९, व्यवस्था ४:२५-३१, व्यवस्था ३०:१-१०, मत्ती ३:१-८, मर्कूस १:१५ र प्रेरित २:३७,३८।

***यस अध्यायको मूल सार पद:*** **"तर यदि त्यहाँ पनि परमप्रभु तिमीहरूका परमेश्‍वरलाई तिमीहरूले खोज्यौ भने र तिमीहरूका सारा हृदय र प्राणले खोज्यौ भने तिमीहरूले उहाँलाई भेट्टाउनेछौ" (व्यवस्था ४:२९)।**

हाम्रो जीवनमा सर्वमान्य र सरल तथ्य यो छः हामी सबै जना पापी छौं। कतिपय इसाईहरूले नै किन नहोस् वा अरू धर्मदार्शनिक वा जान्नेसुन्ने चिन्तकहरूले बाइबलले सिकाएको मानव चरित्र स्वाभाविकैरूपमा भ्रष्ट छ भन्ने धारणाप्रति दुःख वा शोक व्यक्त गर्दछन्। तर बाइबलले सिकाएको मानिस स्वभाविकैरूपमा भ्रष्ट छ भन्ने कुरालाई प्रमाणित गर्न बाइबल नै नपढेतापनि दिनदिनै आइरहने समाचार पढ्नुपर्छ र मानव इतिहासलाई झट्ट सर्वेक्षण गरे पनि पुग्छ। बाइबलले सिकाएको यो सत्यतालाई कुनै पनि मानव प्राणीले नकार्न सक्दैन।

अझ, यो सत्यतालाई सत्यासाबित गर्न मानिसले केवल आफ्नो अनुहार ऐनामा हेरे पुग्छ; धेरै टाढा जानु पर्दैन वा अखबारै पढ्नुपर्छ भन्ने छैन। आफ्नो हृदयभित्र लामो समयसम्म नियाल्न कसको आँट छ र? साँच्चिकै भनौं भने यस संसारको कुनै ठाउँभन्दा हाम्रो हृदय सबभन्दा डरलाग्दो ठाउँ छ। रोमी ३:९-२३मा पावलले त्यस सत्यताप्रति व्याख्या गर्दै पद २३ले यो निश्कर्ष निकाल्दछन्: "सबैले पाप गरेका छन्, र परमेश्‍वरको महिमासम्म पुग्नबाट चुकेका छन्।" (अझ येशू आफैले मानव हृदयको यस्तो भयाभव चित्रण स्पष्टरूपमा भन्डाफोर गर्नुभएको छः हृदयबाट नै खराब विचार, हत्या, परस्त्रीगमन, व्यभिचार, चोरी, झूटो गवाही र निन्दा बाहिर निस्कन्छन्" (मत्ती

१५:१९)। मानिसको हृदय कस्तो आतङ्कित बनाउने थलो रहेछ?-अनुवादकको थप)।

तर पावलको भनाइको खुशीको खबर अर्को पदमा पाइन्छः "परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्" (रोमी ३:२४)। तर परमेश्वरको अनुग्रहको बरदानलाई उपभोग गर्न, ख्रीष्टले दिनुहुने मुक्तिको स्वाद पाउन र धर्मी ठहरिन केवल एउटामात्र निर्णात्मक शर्त छ, त्यो हो पश्चाताप जुन सर्त सबैको निम्ति महान् खबर हुनुपर्दछः हामी पापी छौं, हामीले पाप गरेकाछौं भनेर स्वीकार्ने र त्यसको निम्ति दुःख मनाउनु र त्यसको निम्ति परमेश्वरसँग क्षमा माग्ने अनि अन्तमा आएर हामीले गर्ने कुनै पनि पापबाट फर्किने वा टाढा रहने। हामी पापी भएकै कारणले येशूभक्तको जीवनको अस्तित्वको केन्द्रबिन्दुको एक भाग पश्चाताप हुनुपर्दछ। आफूले गरेको भूल वा अपराधप्रति दुःख मनाउने वा पश्चातापको धारणालाई व्यवस्थाको पुस्तकले व्यक्त गरेको यस अध्यायमा हामी हेर्नेछौं।

## १. Mi-Yitten (मी-इट्टन)

कुनै पनि भाषाहरूमा जस्तै बाइबलीय हिब्रू भाषामा पनि मुहाबरा वा विशिष्ट चरित्र भएको कलात्मक शब्द शैलीहरूले छर्किएका छन्। ती शब्दहरूले सतहमा व्यक्त गरिएको भन्दा खास गरेर भिन्न हुन्छन्। अर्थात् जब हामी ती शब्दहरू हेर्छौं तिनीहरूले भन्न खोजेको अर्थ तिनै शब्दहरू हुन् भनेर सोच्दछौं तर वास्तविकरूपमा तिनीहरूको गहिरो अर्थ अर्कै हुनसक्छ। हिब्रू भाषामा एउटा त्यस्तो विशिष्ट शब्द हो "Mi-yitten" (मी-इट्टन)। यो पुरानो करारमा लेखिएको छ। "Mi" (मी) भन्ने शब्द"को?" हो र "yitten" (इट्टन)को अर्थ "कसले देला र?" त्यसकारण "Mi-Yitten" (मी-इट्टन)को खास अर्थ "कसले देला र?" हुन आउँछ।

तर पुरानो करारमा त्यसको अर्थ अझ विस्तृत छ। त्यस शब्दमा चाहना, मनोकामना वा इच्छा व्यक्त गर्दछ। कसैले त्यो थोक नभइनहुने चाहना व्यक्त गर्न त्यो शब्द प्रयोग गरिएको छ।

उदाहरणमा, जब इस्रायलीहरू मिश्रदेशबाट छुटकारा पाएर मरुभूमि वा उजाडस्थानमा आइपुगे तब तिनीहरूले अनकौं चुनौतीहरूको सामना गर्नुपरेको थियो। त्यसबेला तिनीहरूले चिच्याएर यो चाहना व्यक्त गरेका थिए, "यदी त्यसबेलामात्रै मिश्र देशमै परमेश्वरको हातबाट मर्न पाएको हुन्थ्यो!"

(प्रस्थान १६:३ रूपान्तरित)। "यदि मात्रै" (if only-इफ ओन्ली) भन्ने शब्द "mi-yitten" (मी-इट्टन)बाट आएको हो।

भजन १४:७मा दाउदले पनि यो भावना व्यक्त गर्दछन्, "ओहो इस्राएलीहरूको निम्ति मुक्ति सियोनबाट आएको हुन्थ्यो!" हिब्रू भाषामा "ओहो" भनेर उल्लेख गरिएको छै तर "mi-yitten" (मी-इट्टन) हो।

अय्युब ६:८मा पनि नयाँ किङ्गजेम्सको अनुवादमा अय्यूबले यसरी व्यक्त गरिएको छ भनेर उल्लेख गरिएको छः "ओहो, मैले अनुरोध गर्न पाएको भए हुन्थ्यो"- यहाँ पनि "ओहो"को शब्द "mi-yitten" (मी-इट्टन)बाटै आएको हो।

**व्यवस्था ५:२९ पढ्नुहोस्। विशेष गरेर पद २९ हेर्नुहोस्। "ओहो" भन्ने शब्द "mi-yitten" (मी-इट्टन)बाट अनुवाद गरिएको छ। त्यसो अर्थ के हो भनेर सोच्नुहोस्। हेर्नुहोस् "२२ यी आज्ञाहरू परमप्रभुले पर्वतमा आगो र बादल र घोर अन्धकारको बीचबाट तिमीहरूका सारा समुदायलाई ठूलो सोरले भन्नुभयो। उहाँले थप केही भन्नुभएन। अनि उहाँले ती आज्ञा दुई वटा ढुङ्गाका पाटीमा लेखेर मलाई दिनुभयो।**

**२३ जब तिमीहरूले अन्धकारको बीचबाट सोर सुन्यौ, र जब पर्वत आगोले बलिरहेको थियो, तब तिमीहरूका कुलका सबै नायकहरू र धर्म-गुरुहरू मेरो नजिक आए। २४ अनि तिमीहरूले भन्यौ, "परमप्रभु हाम्रा परमेश्वरले आफ्नो महिमा र गौरव हामीलाई प्रकट गर्नुभयो। हामीले उहाँको सोर अग्निबाट सुन्यौ। परमेश्वर मानिससँग बोल्नुभए तापनि मानिस जीवित रहेको हामीले आज देख्यौं। २५ अब यति ठूलो अग्निमा भस्म भएर हामी किन मर्ने? यदि परमप्रभु हाम्रा परमेश्वरको सोर हामीले अझै सुन्यौं भनेता हामी मर्नेछौं! २६ अग्निबाट जीवित परमेश्वर बोल्नुभएको सुनेर हामीझैं बाँच्ने कुनचाहिँ मरणशील मानिस होला? २७ तपाईं आफै नै नजिक जानुहोस्, र परमप्रभु हाम्रा परमेश्वरले भन्नुभएका सबै कुरा सुनेर हामीलाई बताउनुहोस् र हामी सुनेर पालन गर्नेछौं।" २८ तिमीहरू मसित बोलेका परमप्रभुले सुन्नुभयो, र उहाँले मलाई भन्नुभयो, "यी मानिसहरूले तिमीलाई भनेका कुरा मैले सुनें। तिनीहरूले ठीकै भनेका छन्। *२९ मेरो डर मान्ने र सधैं मेरा सबै कुरा पालन गर्ने तिनीहरूका हृदय भए त हुनेथियो, ताकि तिनीहरू र तिनीहरूका सन्तानको भलो सधैंभरि होस्।*" (यहाँ नेपाली बाइबलको अनुवादमा "ओहो" भन्ने शब्द उल्लेख गरिएको छैन। तर धेरै अङ्ग्रेजी अनुवादहरूमा "ओहो वा ओ oh" भनेर अनुवाद गरिएको छ भने "यदि मात्र" भनेर पनि कतिपय अनुवादमा उल्लेख गरिएको छ- अनुवादक)।**

यहाँ सृष्टिकर्ता सनातन परमेश्वर, जसले अन्तरिक्ष, समय, सबै पदार्थ वा तत्वहरू सृष्टि गर्नुभयो, उहाँको वचनले संसारको अस्तित्व भएको थियो र आदमलाई जीवनको सास फुकेर जीवित पार्नुभएको थियो, त्यही परमेश्वरले प्रायजसो मानव कमीकमजोरी र सिमितसँग जोडिएको लवज "ओहो, त्यस्तो भए हुन्थ्यो" मार्मिक तवरले व्यक्त गर्नुभएको थियो। आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्”ताको कस्तो ज्वलन्त उदाहरण हो यो? परमेश्वर र सैतानको बीचमा भइरहेको भिषण संग्राम वा द्वन्द्वको बीचमा परमेश्वरले आफूखुशी सिमितमा राख्नुभएको थियो। यो "मी-यिट्टन" भन्ने लवजले परमेश्वरले पनि आफूखुशी मानिसको आत्मनिर्णयको अधिकार वा स्वविवेकको स्वतन्त्रतालाई हस्तक्षेप गर्नुहुन्न वा मिच्नुहुन्न भनेर प्रकट गरिएको छ। यदि उहाँले मानिसको इच्छा बिपरित उसको आत्मनिर्णय (अझ धार्मिक स्वतन्त्रता भने पनि हुन्छ- अनुवादक) वा स्वविवेकको स्वतन्त्रतालाई हस्तक्षेप गर्नुभयो भने मानिस स्वतन्त्र रहेको ठहर हुँदैन।

हामी मानव जात भएको हैसियतले पाप गर्न, (आफू खुशी धर्ममा लाग्न), आफू खुशी खराब काम गर्न, अधर्मको बाटोमा लाग्न जसरी स्वतन्त्र छौं त्यसरी नै परमेश्वरको अगुवाइलाई चुन्न, उहाँको पवित्र आत्माको आवाजलाई सुन्न, हाम्रो पापको पश्चाताप गरि उहाँको पछि लाग्न हामी स्वतन्त्र छौं। यस जीवन कसरी बिताउने, अनन्त जीवनमा सहभागी हुने कि नहुने जस्ता निर्णयहरू परमेश्वरले हामीले नै गर्नुपर्छ। हामी दिनदिनै क्षण क्षणमा यो निर्णयको सामना गरिरहेका हुन्छौं। यसमा हामी चुक्यौं भने परमेश्वर वा कुनै भाग्यको खेल भनेर अनर्थको दर्शन, वाद वा शिक्षालाई दोष नलगाऔं।

**केही घन्टामा वा केही दिनहरूमा तपाईंले निर्णय गर्नुपर्ने के के कुराहरू छन् सो सोच्नुहोस्। तपाईंले तपाईंको चाहना, इच्छा परमेश्वरले सुम्पिन निर्णय सिक्नुहुन्छ ताकि तपाईंले उहाँको शक्तिले उचित निर्णय गर्न सकुन्?**

## २. मलाई खोज र भेट्टाऊ

परमेश्वरलाई पूर्वज्ञान छ भन्ने प्रमाण बाइबलभरि हामी पाउँछौं। त्यसको अर्थ जे जे हुनेछ त्यो हुनुभन्दा अघि त्यसको बारेमा उहाँलाई थाहा छ। यस संसारका साम्राज्यहरूको उदय र पतन होस् (दानिएल ७) वा केही घन्टा अघि घट्ने मानिसहरूको व्यक्तिगत क्रियाकलाप होस् सो परमेश्वरलाई अघिबाटै थाहा हुन्छ। प्रभुले पत्रुसको कदम कस्तो हुनेछ भनेर त्यो हुनुभन्दा अघि नै उहाँलाई थाहा थियो। उहाँले पत्रुसलाई यो पूर्वसूचना दिनुभयो,

"साँच्चै, म तिमीलाई भन्दछु, आजै राती भाले बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ" ( मत्ती २६:३४)। प्रभुलाई सुरुदेखि अन्तसम्म सबै थोक थाहा छ। उहाँमा भएको पूर्वज्ञान वा हाम्रो आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रतासँग हामीले गर्ने निर्णय जिम्मेवारी हुँदैन। अर्थात् के हुनेछ भनेर परमेश्वरलाई थाहा भएतापनि त्यो हुने कुरोमा उहाँ जिम्मेवारी छैन। पत्रुसले के गर्नेछ भन्ने पूर्वज्ञान प्रभुमा भएतापनि त्यो गर्ने निर्णयमा प्रभु होइन पत्रुस नै जिम्मेवारी थियो। हामीलाई आत्मनिर्णयको स्वतन्त्रता दियो भन्दैमा हामी जे गर्छौं त्यसको जिम्मेवारी हुने घट्नामा होइन हामीलाई दिइएको आत्मनिर्णय हुन्छ, तर परमेश्वरले त्यो आत्मनिर्णयको अधिकार दियो भन्दैमा उहाँ जिम्मेवारी हुँदैन।

त्यसकारण, जब इस्राएलीहरू प्रतिज्ञा गरिएको भूमिमा रहनुभन्दा अघि नै तिनीहरूले के गर्नेछन् भन्ने ज्ञान परमेश्वरमा थियो।

**व्यवस्था ४:२५-२८ पढ्नुहोस्। इस्राएलीहरू प्रतिज्ञा गरिएको देशमा रहेपछि तिनीहरूले के गर्नेछन् भनेर परमेश्वरले कस्तो सजग गराउनुभएको थियो? हेर्नुहोस्: "२५ तिमीहरूले छोराछोरी र नातिनातिना जन्माइसकेर त्यही देशमा धेरै वर्ष बसिसकेपछि पनि भ्रष्ट भएर कुनै वस्तुको आकृतिअनुसार प्रतिमा खोपेर परमप्रभु तिमीहरूका परमेश्वरको दृष्टिमा कुकर्म गरेर उहाँलाई क्रोधित तुल्यायौ भने, २६ म आजको दिन स्वर्ग र पृथ्वीलाई तिमीहरूका विरुद्ध साक्षी राख्तछु, कि जुन देशलाई अधिकार गर्न तिमीहरू यर्दन पारि जान लागेका छौ त्यस देशदेखि तिमीहरू चाँडै सम्पूर्ण नष्ट हुनेछौ, र धेरै दिन बस्न पाउनेछैनौ तर बिलकुलै नष्ट हुनेछौ। २७ परमप्रभुले तिमीहरूलाई जाति-जातिका माझमा तितरबितर पार्नुहुनेछ, र उहाँले तिमीहरूलाई धपाउनुभएको देशमा अन्यजातिहरूका माझमा तिमीहरू अल्पसंख्यक हुनेछौ। २८ त्यहाँ तिमीहरूले मानिसहरूका हातले बनाएका, देख्न नसक्ने, सुन्न नसक्ने, खान नसक्ने, सुँघ्न नसक्ने काठ र ढुङ्गाका देवताहरूको पूजा गर्नेछौ।"**

व्यवस्था ४:२५-२८ अगाडिका पदहरूमा मूर्ति नबनाउनु र त्यसलाई पूजा नगर्नु भनेर परमेश्वरले स्पष्ट निर्देशन दिनुभएको थियो (व्यवस्था ४:१५-२०)। तैपनि, त्यस आदेश र चेतावनीलाई वास्ता नगरेर तिनीहरूले ठ्याक्कै मूर्ति बनाएर पूजा गर्नेछन् भनेर परमेश्वरले भन्नुभएको वचन व्यवस्था ४:२५-२८मा उल्लेख गरिएको छ।

यो पनि याद गर्नुहोस्, तिनीहरू कनान देशमा जानेवित्तिक्कै तिनीहरूले मूर्तिपूजा गर्ने होइन भनेर मोशाले व्यवस्था ४:२५मा स्पष्टरूपमा उल्लेख गरेका

छन्। तिनीहरू परमेश्वरको अगुवाइमा दुःखसुख गरेर कनान देशमा जाने बित्तिक्कै तिनीहरू मूर्तिपूजामा फस्ने थिएनन्। तर केही पुस्तापछि परमेश्वरले तिनीहरूको पूर्खालाई के गर्नुभयो सो बिर्सिन थाल्नेछन् (व्यवस्था ४:९) जसले गर्दा तिनीहरूलाई परमेश्वरले जे नगर भन्ने चेतावनी दिनुभएको  थियो त्यही तिनीहरूले गर्नेछन् भनेर तोकिएर उल्लेख गरिएको छ।

त्यस्तो विशेष परिस्थितिमा पनि परमेश्वरले के गर्नुहुन्छ सो व्यवस्था ४:२९-३१मा उल्लेख गरेको पढ्नुहोस्: **"२९ तर यदि त्यहाँ पनि परमप्रभु तिमीहरूका परमेश्वरलाई तिमीहरूले खोज्यौ भने र तिमीहरूका सारा हृदय र प्राणले खोज्यौ भने तिमीहरूले उहाँलाई भेट्टाउनेछौ। ३० पछिल्ला दिनहरूमा जब तिमीहरू सङ्कष्टमा हुनेछौ र मैले भनेका सबै कुरा तिमीहरूमाथि आइपर्नेछन्, तब तिमीहरू परमप्रभु आफ्ना परमेश्वरतिर फर्कनेछौ, र उहाँको वचन पालन गर्नेछौ। ३१ उहाँले तिमीहरूलाई त्याग्नुहुनेछैन, नाश गर्नुहुनेछैन। तिमीहरूका पिता-पुर्खासित उहाँले बाँध्नुभएको शपथद्वारा पक्का गर्नुभएको करार उहाँले भुल्नुहुनेछैन, किनकि परमप्रभु तिमीहरूका परमेश्वर कृपालु हुनुहुन्छ।**

परमेश्वरको अनुग्रह आश्चर्यचकित पार्ने खालको छ। इस्राएलीहरू मूर्तिपुजाको संस्कारमा परेर भयानक पाप र खराब गर्ने चलनमा लागेतापनि, तिनीहरूले गरेका पापहरूको नतिजा तिनीहरूले भोग्नुपरेतापनि यदि तिनीहरू परमेश्वरतिर फर्के भने उहाँले तिनीहरूलाई क्षमा दिनुहुनेछ र तिनीहरूलाई पुनर्स्थापना गर्नुहुनेछ। छोटकरीमा भन्नुपर्दा यदि तिनीहरूले स्वविवेकको निर्णय गरेर पश्चाताप गरे उहाँले तिनीहरूको पश्चाताप वा क्षमाप्रार्थीलाई ग्रहण गर्नुहुनेछ।

व्यवस्था ४:३०मा उल्लेख गरिएको शब्द प्रायजसो "फर्क" भनेर अनुवाद गरिएको हुन्छ अर्थात् त्यसको बास्तविक अर्थ "वापस आउने" हो। तिनीहरू परमेश्वरतिर फर्किनेछ। तिनीहरू उहाँबाट तर्केर नजाउनुपर्थ्यो तर पश्चाताप गरेर फर्किनेछ। हिब्रू भाषाको शब्द *teshuvah टेशुभाह*को अर्थ "फर्किनु" हो। त्यस  शब्दको मूलबाट "पश्चाताप वा पछुताव गर्नु" शब्द आउँछ।

आखिरमा, निचोडमा भन्नुपर्दा पश्चाताप गर्नुपर्ने कार्यमा जे समावेश भएतापनि पापले गर्दा परमेश्वरबाट बिछोड भएपछि उहाँतिर फर्किन हामीलाई आह्वान गरिएको देखाउँछ।

## ३. Teshuvah टेशुभाह

व्यवस्थाको पुस्तकभरि जताततै एउटा मूल विषय देखा परेको पाइन्छः परमेश्वरको आज्ञा मान र आशिषले भरपूर्ण होऊ, नमान र त्यसका नतिजाहरू तिमीहरूले भोग्नेछौ। यस मामिलामा नयाँ करारमा केही फरक छैन। पावलले आफ्नो  स्पष्ट धारणा यसरी व्यक्त गरेका छन्: "७ धोकामा नपर, परमेश्वरको ठट्टा हुँदैन, किनभने मानिसले जे रोप्दछ त्यसैको कटनी पनि गर्नेछ। ८ जसले आफ्नो पापमय स्वभावको निम्ति रोप्तछ, त्यसले आफ्नो पापमय स्वभावबाट नै सर्वनाशको कटनी गर्नेछ। तर जसले आत्माको निम्ति रोप्तछ, त्यसले आत्माबाट नै अनन्त जीवनको कटनी गर्नेछ। ९ भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं। १० यसकारण मौका पाएअनुसार हामी सबै मानिसको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरूको, जो हाम्रो विश्वासका परिवारका हुन्" (गलाती ६:७-१०)।

दुर्भाग्यवस, यस संसारमा पापको प्रवेश भएपछि मानिसलाई पाप गर्न धेरै सजिलो भएको छ र सास फेर्ने जस्तै मानिसको स्वभावमा पापको जरा गाडिएको पाइन्छ। जतिसुकै चेतावनी र प्रतिज्ञाहरू दिएतापनि पौराणिक इस्राएलमा होस् वा आधुनिक जगतमा होस् मानिसहरूले तिनीहरूप्रति आँखा चिम्लेको पाइन्छ। मोशाबाट परमेश्वरले यो घोषणा गर्नुहुन्छ, "आज मैले तिमीहरूलाई दिएको आज्ञा तिमीहरूका निम्ति साह्रै गाह्रो वा टाढ़ो वा रहस्यमय छैन" (व्यवस्था ३०:११)। परमेश्वरले जे नगर भन्नुभएको थियो सोही गर्न मानिसहरू धरापमा परिरहेकाछन्। पाप गर्दा के हुनेछ भनेर परमेश्वरले चेतावनी दिनुभएतापनि पापकै दलदलमा फस्न मानिसहरू रुचाएको पाइन्छ।

तर सदाशय र अनुग्रहले भरिपूर्ण परमेश्वरले ती मानिसहरूलाई आफ्नो पोल्टोमा राख्न तयार हुनुहुन्छ। त्यसको लागि कसैको करकापमा होइन बरु आफ्नै आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रतालाई प्रयोग गरेर पश्चाताप गर्दै परमेश्वरतिर फर्कनुपर्दछ।

**व्यवस्था ३०:१-१० फेरि पढ्नुहोस्। उहाँका जनहरूलाई परमेश्वरले के गर्नुहुनेछ भनेर उहाँले भनिरहनुभएको छ? तिनीहरूले जतिसुकै गलत काम गरेतापनि, पाप गरेतापनि वा परमेश्वरबाट हटेतापनि तिनीहरूलाई ग्रहण गर्न परमेश्वर राजी हुनुहुन्छ। यथार्थमा उहाँले ती मनोवृत्ति भएका मानिसहरूलाई विगतमा विशेष गरेर नै आशिष दिनुभएको थियो। तर कुन सर्तमा ती प्रतिज्ञाहरू अडिएको छ त? हेर्नुहोस्, फेरि, "१ परमप्रभु परमेश्वरले जाति-जातिहरूका**

बीचमा तिमीहरूलाई धपाइपठाउनुभएपछि जब यी आशिष् र श्राप तिमीहरूमाथि पर्नेछन् र तिनको स्मरण गरेर २ तिमीहरू र तिमीहरूका सन्तान परमप्रभु आफ्ना परमेश्वरकहाँ फर्कनेछौ, र आज मैले आज्ञा गरेका उहाँका वचन आफ्नो पूरा हृदय र आफ्नो पूरा प्राणले मान्नेछौ, ३ तब परमप्रभु आफ्ना परमेश्वरले तिमीहरूका सुदिन फर्काउनुहुनेछ र तिमीहरूलाई टिठ्याउनुहुनेछ, र जुन जातिहरूका बीचमा तिमीहरूलाई तितरबितर पार्नुभएको थियो, तीबाट तिमीहरूलाई बटुलेर ल्याउनुहुनेछ। ४ तिमीहरू देशनिकाला भएर आकाशमुनिको सबैभन्दा टाढ़ो देशमा भए पनि त्यहाँबाट परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई बटुल्नुहुनेछ, र त्यहाँबाट तिमीहरूलाई फर्काएर ल्याउनुहुनेछ। ५ तिमीहरूका पिता-पुर्खाले अधिकार गरेको देशमा परमप्रभु आफ्ना परमेश्वरले तिमीहरूलाई ल्याउनुहुनेछ, र तिमीहरूले त्यसको अधिकार गर्नेछौ, र उहाँले तिमीहरूलाई तिमीहरूका पिता-पुर्खाभन्दा उन्नतिशील र असंख्य बनाउनुहुनेछ। ६ परमप्रभु तिमीहरूका परमेश्वरलाई तिमीहरूले आफ्नो सारा हृदय र आफ्नो सारा प्राणले प्रेम गर्नलाई उहाँले तिमीहरूको र तिमीहरूका सन्तानको हृदयको खतना गर्नुहुनेछ, र तिमीहरू जिउन सक। ७ परमप्रभु तिमीहरूका परमेश्वरले यी सबै श्रापहरू तिमीहरूलाई हेला गर्ने र खेदो गर्ने तिमीहरूका शत्रुहरूमाथि ल्याउनुहुनेछ। ८ तिमीहरूले फेरि परमप्रभुको वचन मान्नेछौ, र आज मैले तिमीहरूलाई दिएका उहाँका सबै आज्ञाहरू पालन गर्नेछौ। ९ तब तिमीहरूका हातका सबै काममा, सन्तानमा, गाईबस्तुका बाछा-बाछीहरूमा र भूमिका अन्नहरूमा आफ्ना परमेश्वरले तिमीहरूलाई अघोर वृद्धि गराउनुहुनेछ। १० व्यवस्थाको यस पुस्तकमा लेखिएका उहाँका आज्ञा र विधिहरू पालन गऱ्यौ भने र आफ्नो पूरा हृदयले र आफ्नो पूरा प्राणले परमप्रभु आफ्ना परमेश्वरतिर तिमीहरू फर्क्यौं भने, तिमीहरूका पिता-पुर्खासँग उहाँ प्रसन्न हुनुभएझैं परमप्रभु तिमीहरूसँग फेरि प्रसन्न हुनुहुनेछ र तिमीहरूलाई वृद्धि गर्नुहुनेछ।"

यहाँ व्यक्त गरिएको धारणा सरल र स्पष्ट छः यदि तिमीहरूले आफ्नो जीवनलाई वेवारिसी तरिकाले चलायौ वा फोहरी बनायौ भने त्यसका नतिजाहरू तिमीहरू र तिमीहरूका परिवारमाथि पर्नेछन्। पापले गर्ने कामै यो हो। यद्यपि, यदि तिमीहरूले पश्चाताप गर्न सक्छौ, तिमीहरू क्षमा माग्न सक्छौ र परमेश्वरले तिमीहरूलाई फेरि आफूतिर ल्याउनुहुनेछ र तिमीहरूलाई आशिष दिनुहुनेछ।

ती पदहरूमा "फर्क" भन्ने हिब्रूको मूल शब्द *teshuvah टेशुभाह* धेरै पल्ट देखा परेको छ। व्यवस्था ३०:२मा पदले भन्छ, "यदि तिमीहरू तिमीहरूका परमेश्वरतिर फर्कियौ भने", व्यवस्था ३०:८मा "तिमीहरूले परमेश्वरको आवाजलाई फेरि सुन्नेछौ र त्यस अनुसार चल्नेछौ।" र अन्तमा व्यवस्था ३०:१०लाई यसरी पढिन्छ "यदि तिम्रो सारा हृदयले र आत्मा वा दिमागले तिमीहरूको परमेश्वरतिर फर्क्यौं भने" यहाँ पनि "फर्क" भन्ने शब्दको खा अर्थ "वापस" आउनु हो।

स्पष्ट बोलीमा भन्नुपर्दा तिनीहरूलाई जे नराम्रा थोकहरू भएतापनि, तिनीहरूले परमेश्वरसँग गरिएको करार जतिसुकै तोडेतापनि, तिनीहरूले परमेश्वरका आज्ञाहरू जतिसुकै भङ्ग गरेतापनि परमेश्वरले तिनीहरूलाई त्यागनुहुन्न। यदि तिनीहरूलाई परमेश्वरले नत्यागेको चाहन्छन् भने तिनीहरू पश्चाताप गरेर उहाँतिर आत्मिनिर्णयद्वारा फर्किन सक्छन्।

**व्यवस्था ३०:१-१०मा भएका "पश्चाताप गर र फर्क" भन्ने शब्द इस्राएली राष्ट्रहरूसँगको मामिलामा प्रयोग गरिएको थियो। हाम्रो निम्ति त्यो सन्दर्भ फरक छ, तैपनि, हामी परमेश्वरका विश्वासी जनहरू भएको भएतापनि कति पल्ट उहाँसँग गरिएको करार भङ्ग गरेका हुन्छौं वा बप्तिस्माको बेलामा गरेको शपथलाई वेवास्ता गरेका हुन्छौं। तैपनि यदि हामीले सच्चा हृदयले पश्चाताप गरेर उहाँतिर फर्कियौं भने उहाँले आफ्नो सदाशयताद्वारा हामीलाई फेरि लिन सक्नुहुन्छ भनेर के ती पदहरूले देखाउँदैनन् र?**

## ४. तिम्रो सारा हृदयले

परमेश्वरबाट आशिष पाएर पनि पथभ्रष्ट, पापमै रमाउन जानेहरू र उहाँलाई विश्वासघात गर्ने पापीहरूप्रति उहाँको भलाइ र अनुग्रह कसरी प्रकट गर्नुभएको थियो भने व्यवस्था ३०:१-१०मा खुलासा गरेको हामीले हेऱ्यौं। इस्राएलीहरूको मामिलामा विशेष गरेर यसरी व्यक्त गरिएको छः "हामीले जुनसुकै कारणले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रो जति नजिक हुनुभएझैं ईश्वर यति नजिक भएको अरू कुनचाहिँ यति महान् जाति छ?" ( व्यवस्था ४:७ रूपान्तरित)। परमेश्वरले तिनीहरूको निम्ति कति महान् कार्यहरू गर्नुभएतापनि, तिनीहरूले उहाँप्रति गद्दारी वा विश्वासघात गर्ने खास बहाना वा तिनीहरूको पाप गर्ने कुनै औचित्य नभएतापनि पाप गर्न तिनीहरू कोही पनि पछि नपरेको थियो (यस गतिमा नलाग्ने कोही होला त?)। र तैपनि, के त?

व्यवस्था ३०:१-१० फेरि पढ्नुहोस्। यस समय त्यहाँ उल्लेख गरिएको पश्चाताप, इस्राएलीहरू परमेश्वरतिर फर्किने वा वापस आउने (***teshuvah*** टेशुभाह) मामिलामा परमेश्वरले के अपेक्षा गर्नुभएको थियो? तिनीहरूले के आवश्यकता पूरा गर्नुपर्थ्यो र सत्य पश्चाताप वा हृदयदेखि नै दुःख मानेर परमेश्वरतिर फर्कनु भनेको के हो भनेर अहिले पनि हामीलाई त्यसले के सिकाउँदछ? हेर्नुहोस्, "१ अब हे इस्राएली हो, मैले तिमीहरूलाई सिकाउन लागेका विधिविधानहरूमा ध्यान लगाओ। ती पालन गर, र तिमीहरू जीवित रहनेछौ, र तिमीहरूका पितापुर्खाका परमप्रभु परमेश्वरले तिमीहरूलाई दिनुहुने देश अधिकार गर्नेछौ। २ मैले तिमीहरूलाई दिएका आज्ञाहरूमा केही पनि घटबढ़ नगर्नू, तर मैले तिमीहरूलाई दिएका परमप्रभु परमेश्वरका आज्ञाहरू पालन गर्नू।

३ बाल-पोरमा परमप्रभुले के गर्नुभयो त्यो तिमीहरूले आफ्नै आँखाले देखेका छौ। पोरको बाल देवतापछि लाग्ने सबै मानिसहरूलाई परमप्रभु परमेश्वरले तिमीहरूका मध्येबाट नाश गर्नुभयो। ४ तर परमप्रभु तिमीहरूका परमेश्वरसित लागिरहने तिमीहरूमध्येको प्रत्येक आजसम्म जीवित छ। ५ हेर, परमप्रभु मेरा परमेश्वरले मलाई आज्ञा गर्नुभएबमोजिम तिमीहरूले अधिकार गर्ने देशमा यी सबै पालन गर्नलाई नै मैले तिमीहरूलाई यी विधिविधानहरू सिकाएको छु। ६ तिमीहरूले ती मान र पालन गर, किनकि यसैबाट अरू जातिहरूका अगि तिमीहरूका बुद्धिमानी र समझको प्रचार हुनेछ। यी सबै विधिहरू सुनेर उनीहरूले भन्नेछन्, "अवश्य यस महान् जातिका मानिसहरू खूबै बुद्धिमान् र समझदार रहेछन्" ७ हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रो जति नजिक हुनुभएझैं ईश्वर यति नजिक भएको अरू कुनचाहिँ यति महान् जाति छ? ८ मैले तिमीहरूलाई आज दिने यो व्यवस्थाजस्तै धार्मिक विधिविधान भएको अरू कुनचाहिँ यति महान् जाति छ? ९ तर होसियार बस र आफ्नो मनलाई सचेत राख, ताकि तिमीहरूले आँखाले देखेका कुराहरू नबिर्स र ती तिमीहरूको सारा जीवनभरि तिमीहरूको मनदेखि नहटून्। ती तिमीहरूका छोराछोरीहरू र नाति-नातिनाहरूलाई सिकाओ।"

इस्राएलीहरू परमेश्वरतिर फर्किने र नफर्किने निर्णय तिनीहरू आफैले गर्नुपर्थ्यो। परमेश्वरले आफ्नो शक्ति परिचालन गरेर तिनीहरूको इच्छा बिरुद्ध उहाँले आफूतिर तान्नुहुन्न। तिनीहरूले हृदयदेखि नै उहाँका वचनहरूलाई पालन गर्नुपर्थ्यो। साँच्चिक्कै भनौं भने यो त हृदय, मन, स्वइच्छा व स्वविवेकको

मामिला थियो। यदि परमेश्वरसँग तिनीहरूको हृदय ठीक थियो भने तिनीहरूको क्रियाकलाप पनि ठीक हुन्थ्यो अर्थात् तिनीहरू आज्ञाकारी हुन्थे।

त्यसैकारण तिनीहरूलाई परमेश्वरले अचम्मको प्रतिज्ञा दिनुभएको थियो, यदि तिनीहरू परमेश्वरतिर इमान्दारपूर्वक "फर्किए वा वापस आए" तबमात्र उहाँले तिनीहरूको हृदयमा काम गर्नुहुनेथियो। त्यो काम थियो तिनीहरूको हृदयलहरूलाई उहाँले खतना गर्नुहुन्थ्यो। तिनीहरू बन्दी वा प्रवासी जीवन बिताएतापनि परमेश्वरतिर फर्किने नफर्किने तिनीहरूकै निर्णय थियो। यदि तिनीहरू स्वइच्छाले परमेश्वरतिर फर्क्यो भने उहाँले तिनीहरूलाई वापस लिनुहुन्थ्यो र तिनीहरूको भूमिमा उहाँले फर्काउनुहुन्थ्यो। स्वइच्छाले परमेश्वरतिर तिनीहरू फर्कियो भने तिनीहरूले आशिष पाउने थियो र आशिषको एक भागमा तिनीहरूको हृदय परिर्तन गर्न उहाँ काम गर्नुहुन्थ्यो त्यो पनि आफूतिरै फर्काउन ताकि तिनीहरू र तिनीहरूका सन्तानले तिनीहरूको परमेश्वरलाई सारा हृदय, सारा प्राण वा दिमागले प्रेम गरुन्। उहाँलाई प्रेम गर्नुको नतिजाले तिनीहरू यस संसारमा अर्थमूलक जीवन बिताउन सक्ने हुनेथियो र आउने संसारमा पनि तिनीहरूले अनन्त जीवन पाउने बाचा गरिएको थियो।

परमेश्वरको आवाज सुनेर त्यसको प्रत्युत्तरमा तिनीहरूले आफ्ना पापहरूप्रति इमान्दारी र सक्कली पश्चाताप गर्नु पर्थ्यो। (यस मामिलामा हेर्नुहोस्, "३१ परमेश्वरले इस्राएलको पश्चात्तापको लागि र तिनीहरूलाई पापहरूको क्षमा दिन उहाँलाई राजा र मुक्तिदाता तुल्याईकन आफ्नो दाहिने बाहुलीले उच्च पार्नुभयो। ३२ यी सबै कुराका हामी साक्षी छौं, र त्यस्तै गरी पवित्र आत्मा पनि, जसलाई परमेश्वरले आफ्ना आज्ञा पालन गर्नेहरूलाई दिनुभएको छ" ( प्रेरित ५:३१-३२)। यस मामिलामा इतिहासमा भएका विभिन्न घट्नाहरूलाई कोट्याएर एलेन जी ह्वाइटले यो लेख्नुभएको छः "आफ्ना पापहरूले गर्दा आएको दुःखकष्टप्रति मानिसहरूले शोक व्यक्त गरेका थिए। तर परमेश्वरको पवित्र व्यवस्था वा दश आज्ञाहरूलाई सरासर उल्लङ्घन गरेर उहाँको अपमान वा वेइज्जत गरेको कारणले तिनीहरूले दुःख मनाएका थिएनन्। सत्य वा इमान्दारी पश्चाताप भनेको पापप्रति दुःख मनाउनेमात्र होइन। अबदेखि पाप वा दुष्टबाटोमा नलाग्ने प्रण गर्नु नै सक्कली पश्चाताप हो।" पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ५५७ बाट रूपान्तरित। यही सत्यलाई हामीले व्यवस्था ३०:१-१० पनि पाउँछौं।

**पापको परिणामले गर्दा दुःख मनाउनु जुन जसले पनि गर्न सक्छ, र पापहरूकै निम्ति दुःख मान्नुमा के फरक छ? यो भिन्नता किन महत्त्वपूर्ण छ?**

## ५. पश्चाताप गर परमेश्वरतिर फर्क वा परिवर्तित होऊ

नयाँ करारमा पश्चातापको धारणा जतातते छरिएको छ। यथार्थमा भन्ने हो भने, बप्तिस्मा दिने यूहन्नाले आफ्नो सेवाकार्य पश्चातापको आह्वान गर्दै सुरु गरेका थिए।

**मत्ती ३:१-८ पढ्नुहोस्। "फर्क वा वापस आऊ" भन्ने धारणा ती पदहरूमा कसरी देखा परेको छ? अर्को शब्दहरूमा भन्ने हो भने, बप्तिस्मा दिने यूहन्नाले श्रोताहरूलाई के आह्वान गरिरहेका थिए जसले व्यवस्थाको पुस्तकमा लेखिएको वचनलाई प्रतिबिम्बित गर्दछ? उनको आह्वान विशेष गरेर फरिसी र सदुकीहरूको निम्ति किन महत्त्वपूर्ण थियो? हेर्नुहोस्, "१ त्यही समय बप्तिस्मा-दिने यूहन्ना यहूदियाको उजाड-स्थानमा आए, र यसो भन्दै प्रचार गर्न लागे, २ "पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजिक आएको छ।" ३ किनभने यी तिनै हुन्, जसको विषयमा यशैया अगमवक्ताद्वारा यसो भनिएको थियोः "उजाड-स्थानमा एक जना कराउनेको आवाज, परमप्रभुको मार्ग तयार पार, उहाँका पथ सोझा बनाओ÷।" ४ यूहन्नाले ऊँटका रौंको वस्त्र लाउँथे, र कम्मरमा छालाको पटुका बाँध्थे। तिनको खानेकुरा सलह र वन-मह थियो। ५ यरूशलेम र सबै यहूदिया, र यर्दन वरिपरिका इलाकाका सबै मानिसहरू तिनीकहाँ गए, ६ र आफ्ना पाप स्वीकार गर्दै यर्दन नदीमा तिनीबाट बप्तिस्मा लिन लागे। ७ तर फरिसीहरू र सदुकीहरूमध्ये धेरै जनालाई बप्तिस्मा लिन आइरहेका देखेर तिनले उनीहरूलाई भने, "सर्पका बच्चा हो, आउन लागेको क्रोधबाट भाग्न कसले तिमीहरूलाई चेताउनी दियो? ८ यसकारण पश्चात्ताप सुहाउँदो फल फलाओ।"**

येशूले पनि पश्चाताप गर भनेर आह्वान गर्नुहुँदै आफ्नो सेवा सुरु गर्नुभएको थियो।

**मर्कूस १:१५ पढ्नुहोस्। येशूले यहाँ के भन्नुभयो, र उहाँको सुसमाचार पश्चातापसँग किन सरोकार भनेर उहाँले देखाउनुभएको थियो? हेर्नुहोस् "उहाँले भन्नुभयो, "समय पूरा भएको छ, र परमेश्वरको राज्य नजिक आइपुगेको छ। पश्चात्ताप गर, र सुसमाचारमा विश्वास गर।"**

चाहे बप्तिस्मा दिने यूहन्नाले विशेष धार्मिक पण्डित वा अगुवाहरूलाई सम्बोधन गरेको होस् वा सारा राष्ट्रलाई येशूले सम्बोधन गर्नुभएको होस्, धारणा एउटै छ। हामी पापी हौं र हामी पापीहरूलाई उद्धार गर्न ख्रीष्ट आउनुभयो।

त्यो उद्धारमा सहभागी हुन हामीले हाम्रा पापहरूबाट पश्चाताप गर्नैपर्छ। चाहे एक फेरा येशूलाई पछ्याउनेछु भनेर शपथ खान्दै बप्तिस्मा लिएर उहाँलाई छोड्ने होस् वा येशूप्रति अगाढ श्रद्धा राख्दाराख्दै पनि पापमा फसेको होस् वा नयाँ विश्वासी होस्- त्यो पश्चातापमा आफ्नो पुरानो पापमय मार्ग वा आनिबानीबाट फर्किने चाहना समावेश हुनुपर्दछ। हाम्रा पापपूर्ण स्वभावलाई स्वीकार्नैं पर्दछ, अनि पापप्रति पश्‍चाताप वा दुःख मनाऊ गर्नुपर्छ (पापले गर्दा ल्याएको नतिजाको कारणलेमात्र होइन) हामीले स्वविवेकले नै ती पापहरू पन्छाउन चाहना गर्नुपर्दछ र त्यसलाई चोखो पार्न हामीले धर्मकर्म आदि गरेर होइन बरु येशूकै गुणहरूमा भरपर्नुपर्दछ। व्यवस्था १५:५मा स्पष्टरूपमा भनिएको छ, "तिमीहरूको परमप्रभु परमेश्वरको आवाजलाई पालन गर" अर्थात् येशूको वचनलाई पालन गर।

व्यवस्थाको पुस्तकमा व्यक्त गरिएको पश्चाताप भन्ने धारणालाई नयाँ करारले प्रतिध्वनी गर्दछ भनेर कतिपय बाइबलका विद्वानहरूको भनाइ छ। उदाहरणमा, जब इस्राएली राष्ट्रले येशूलाई क्रुसमा टाँगे भनेर पत्रुसले आरोप लगाएका थिए, धेरै मानिसहरूको हृदय छियाछिया भएको थियो र तिनीहरूले पत्रुस र बाँकि प्रेरितहरूलाई सोधेका थिए, "हे जनहरू र भाइहरू हो, अब हामीले के गर्ने?" (प्रेरित २:३७ रूपान्तरित)। अर्थात् पत्रुसको भाषण सुनेपछि आफ्नो पापप्रति तिनीहरू सजग भए र तिनीहरूले दुःख मनाए (तिनीहरूको हृदय छिया छिया भएको थियो)। परमेश्वरको विरुद्धमा तिनीहरू गएकोले अब उहाँसँग ठीक हुन तिनीहरू के गर्नुपर्छ भनेर तिनीहरूलाई थाहा पाउन चाहेका थिए।

यही परिस्थिति हामी सबैमा भएको छैन रः हामीले परमेश्वरको विरुद्धमा गयौं र उहाँलाई चित्त दुखायौं?

**तिनीहरूको प्रश्नको जवाफमा पत्रुसले के भने र यस घट्नाले सत्य पश्चाताप वा पापप्रति दुःख मनाएको नीति कसरी प्रकट गर्दछ? हेर्नुहोस्, प्रेरित २:३८ "पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ।"**

**उपसंहारः**

**थप जानकारीः** "इसाई अनुभवको प्रत्येक प्रगतिमा पश्चातापमा हामी गहिरिन्दै गइरहेका हुन्छौं। जो मानिसहरूलाई प्रभुले क्षमा दिनुभयो, जो मानिसहरू आफूहरू परमेश्वरका जनहरू हौं भनेर स्वीकार गर्दछन्, तिनीहरूलाई उहाँले भन्नु हुन्छ, 'तब तिमीहरूले आफ्ना दुष्ट चाल र खराब कामहरूको सम्झना गर्नेछौ, र आफ्ना पापहरू र घिनलाग्दा चालहरूको कारण तिमीहरू आफैलाई घृणा गर्नेछौ।' इजकिएल ३६:३१। अनि फेरि उहाँले भन्नुहुन्छ, ' ६२ यसरी म तिमीसित मेरो करार बाँध्नेछु, र तिमीले जान्नेछौ कि म नै परमप्रभु हुँ। ६३ जब तिमीले गरेका सबै कामका निम्ति म शान्त हुनेछ, तब तिमीले सम्झनेछौ, र तिमी लज्जित हुनेछौ, अनि तिम्रो अपमानित अवस्थाको कारणले तिमीले आफ्नो मुख फेरि कहिल्यै उघार्नेछैनौ, परमप्रभु परमेश्वर भन्नुहुन्छ।' इजकिएल १६:६२-६३ (रूपान्तरित)। अनि आफ्नै भाऊ खोज्ने वा आफ्नै सम्मान वा महिमा खोज्न हाम्रा ओठहरू खोलिनेछैन। हामीहरूको पर्याप्तता येशूमामात्र छ भनेर हामी थाहा पाउनेछौं वा परमेश्वरको सामु निर्दोष हुन हामीहरूको धर्मकर्म होइन तर येशू नै काफी हुनुहुन्छ भनेर हामी महसुस गर्नेछौं। जुन स्वीकार प्रेरित पावलले गरे त्यही स्वीकार हामीले पनि गर्नेछौं। 'मलाई थाहा छ, कि ममा, अर्थात् मेरो पापमय स्वभावमा (भौतिक शरीरमा) केही असल कुराले वास गर्दैन। जे असल छ, त्यो गर्ने इच्छा ममा छ, तर म त्यो पूरा गर्न सक्दिनँ।' रोमी ७:१८। ' हाम्रा प्रभु येशू ख्रीष्टको क्रूस बाहेक अरू कुनै पनि कुरामाथि घमण्ड गर्ने कुरा मदेखि दूर रहोस्, जसद्वारा मचाहिँ संसारको लेखि, र संसार मेरो लेखि क्रूसमा झुण्ड्याइएको छ।' गलाती ६:१४-१५।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ. १६०,१६१बाट रूपान्तरित।

"'परमेश्वरको कृपाले तिमीलाई पश्चात्तापमा डोऱ्याउँछ' रोमी २:४। खतरामा परिरहेका प्रत्येक मानिसको वरिपरि परमेश्वरको प्रेमको करुणा र दयाको सुनौलो सिक्रीलले घेरेको हुन्छ। प्रभुले यो घोषणा गर्नुहुन्छ, '"सधैंभरि रहने प्रेमले मैले तिमीलाई प्रेम गरेको छु। मैले तिमीलाई दया गरी खिँचेको छु।' यर्मिया ३१:३।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ. २०२बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. हामीले पश्चाताप त गर्नुपर्छ नै, तर पश्चातापको नाउँमा विभिन्न क्रियकलापहरू वा आफूलाई नै दुःख दिने जस्ता कामहरू गरेर परमेश्वरलाई खुशी पारेर उहाँले हामीलाई निर्दोष वा पापलाई धुनुहुन्छ भन्ने धरापबाट हामी कसरी उम्किने? परमेश्वरसँग ठीक हुन वा उहाँको सामु हामी निर्दोष ठहरिने केमात्र उपाय छ?


आ. "३ तब उहाँलाई पक्राउने यहूदाले उहाँमाथि दण्डाज्ञा भएको देखिकन पछुतो गऱ्यो, र मुख्य पूजाहारीहरू र धर्म-गुरुहरूलाई चाँदीका तीस सिक्का फिर्ता दिन ल्यायो, ४ र भन्यो, "मैले निर्दोष मानिसलाई धोका दिएर पाप गरेको छु।" तर तिनीहरूले भने, "हामीलाई के मतलब? तँ आफै जान्।" ५ तब चाँदीका ती सिक्काहरू मन्दिरमा फ्याँकेर त्यो गयो, र त्यसले झुण्डेर आत्महत्या गऱ्यो" (मत्ती २७:३-५)। येशूलाई आफूले गरेको गद्दारीप्रति यहूदाले पछुतो गरेको थियो भन्ने कुरामा कसैको दुईमत छैन। आफूले आत्महत्या गरेर आफू पछुतो भएको उसले देखाएको थियो। तर उसको कामहरूले उसले सत्य वा सही पश्चाताप वा पछुतो गरेको थिएन भनेर कसरी देखाउँछ?

इ. हाम्रो आफ्नै मानव पाप स्वभाको वास्तविकताले गर्दा अरूको सामु हामी किन नम्र हुनुपर्छ वा अरूको न्याय गर्ने वा आलोचना गर्ने हाम्रो अधिकार छैन भनेर कसरी ठानिरहने? पाप कतिको भयानक, खतरा र खराब छ भनेर देखाउन त्यसबाट हामीलाई उद्धार गर्न परमेश्वरको पुत्रको मृत्यु क्रुसमा नै हुनुपरेको थियो। यसलाई सोच्दा पापप्रति हाम्रो मनस्थिति कस्तो हुनुपर्दछ?

## कथा ९

## स्वर्गबाट सहायता

## देभिद किम, ५३, दक्षिण कोरिया



देभिद आफ्नो सिलिक्क परेको टोयोटा कार अमेरिकाको राजमार्गबाट भित्री दुर्गम क्षेत्रको सडकमा हाँक्दै थिए। उनले आफ्नो कारमा भएको जिपीएस अर्थात् कारमा जडान गरिएको कारलाई निर्देशन गर्ने नक्सा हेर्दै जाँदै थिए। उनी अमेरिकाको युटाह राज्यमा चर्चको एक महत्त्वपूर्ण कार्यक्रममा सम्बोधन गर्न जाँदै थिए। अचानक उनको मोबाइलमा चेतावनीको सन्देश आयो। उनी गइरहेको बाटो कारको लागि होइन तर खस्रो जमिनमा गुड्ने हेभी गाडीको निम्तिमात्र हो भन्ने सूचना त्यस मोबाइलमा आइरहेको थियो। उनी अगाडि गइरहेको बाटो खतरा छ भन्ने सतर्क पनि गराइएको थियो। देभिद राजमार्गबाट धेरै टाढा आइसकेको थियो। उनी फर्कन चाहेको थिएन। सडक कस्तो नराम्रो होला भनेर उनले सोच्न थाले। उनले आफ्नो कार हाँक्दै गए। केही मिनेट पछि फेरि चेतावनीको बत्ती मोबाइलमा चम्क्यो। उनले वास्ता गरेन।

अनि अचानक कालोपत्रे सडकको अन्तमा उनी आइपुगे र धुलो बाटोमा उनले आफ्नो कार गुडाए। उनी ठाडो उकालो गएपछि बीच बाटैमा उनको कारको इन्जिन रोक्यो। आफ्नो साँचोले कार स्टार्ट गर्न खोजे, तर कारको इन्जिन अलिकति पनि चलेन। उनले साँचोलाई फेरि, फेरि घुमाए, तर कार चलेन। जब उनी तल हेरे त्यहाँ त बालुवा नै बालुवा र झाडीहरू भएको ठाउँमात्र देखे। उनको मोबाइल सम्पर्क विहिन भयो, र अरू कुनै पनि कारहरू उनको अगाडि देखा परेको थिएन। अनि अनकङ्टार ठाउँमा देभिद अलपत्र परे। उनी दक्षिण कोरियाको कम्प्युटर प्रोग्रामर थिए, र अब अमेरिकाको मरुभूमिमा अड्किन पुगे।

"ल त, जङ्गली जनावरहरू आए मेले के गर्ने?" भनेर चिन्तित हुन थाले। उनी घुँडा टेके र प्रार्थना गर्न थाले। "मेरो प्रभु," उनले प्रार्थना गरे। "मैले चेतावनीहरूलाई वेवास्ता गरेर यहाँ कार हाँकेकोमा क्षमा दिनुहोस्। यस्तो हुन्छ भनेर मलाई थाहा थिएन। तर यस साबथमा मैले कार्यक्रम चलाउनुपर्छ। मैले के गल्ती गरें?" उनको हृदयमा नैराश्यता, डर, र रिसले

ढाकेको थियो। उनले तीन महिना अवधिभरि विभिन्न ठाउँहरूमा इन्टरनेट र सामाजिक संञ्चारबाट कसरी सुसमाचार सुनाउने भनेर कार्यक्रम चलाइरहेका थिए। त्यसबेला परमेश्वरले उनलाई सहयोग गरेको कुरा उनले बिर्सेका थिए।

उनले प्रार्थना गरेको पाँच मिनेट पछि एउटा पिक अप ट्रक पहाडमा उक्लिन्दै आफूतिर आइरहेको उनले देखे। पाको उमेर भएका दम्पत्ति त्यस ट्रकबाट बाहिर निस्किन्दै आफूतिर आइरहेको देभिदले देखे।

"के भयो?" त्यस व्यक्तिले देभिदलाई सोधे। देभिदले आफ्नो गाडी हठीभएर नचलेको कुरा उनलाई सुनाए। त्यस व्यक्ति देभिदको कारमा पसे र साँचो खोल्न खोजे। तर साँचो चलेन। साँचो देभिदको हातमा राख्दै उनले भने उनलाई १० किलोमिटर पर लग्न सक्छु जहाँ उनले मोबाइलमा सम्पर्क गर्न सकिन्छ भनेर सुझाव दिए। देभिद आभारित भए। उनी अब त्यस ठाउँमा गएर बिग्रेको कार तान्ने ट्रकलाई बोलाउन सक्थे।

तर अचानक फेरि त्यस व्यक्तिले देभिदसँग कारको साँचो मागे। आफूसँग बस्न पनि देभिदलाई उनले अनुरोध गरे। उनले साँचो चलाए। देभिदले सोचिरहेको थियो कि आफूले समय बरबाद गरिरहेको छ। दुवै व्यक्तिहरूले कार चलाउन खोजेका थिए, तर चलाउन सकेका थिएनन्।

***एक छिन पछि त "ध्वाईं, ध्वाईं!" आवाज आए।*** यो आवाज देभिदको निम्ति सङ्गीतको धुन जस्तै भयो। इन्जिन चल्यो। कार त मजासँग अघि बढ्यो। देभिदले विश्वासै गर्न सकेन। "धन्यवाद! धन्यवाद! भन्दै उनी चिच्याए।

नमस्तै भन्दै त्यस अपरिचित सहयोगीले आफ्नो पिक अप ट्रकमा चढेर नमस्ते भनेर गए। देभिद पनि आफ्नो कार फर्काएर जहाँबाट जानुपर्थ्यो त्यहीँबाट कार हाँकेर गए, तर हृदयले बाटोभरी परमेश्वरलाई धन्यवाद दिँदै उनी आफ्नो गन्तव्यस्थानमा गए। उनलाई चाहेको सहायता स्वर्गबाट परमेश्वरले उपलब्ध गराउनुभएको थियो ताकि उनी आफू बोल्ने समयमा उनी पुगोस्।